नेपाल राष्ट्र बैंक
राष्ट्रऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौं

## रु. १० अर्बको निक्षेप संकलन उपकरणको मिति २०७५ असार ३२ गते बोलकबोल हुने बारेको सूचना

यस बैंकले देहाय बमोजिमका विशेषता एवं शर्तहरु कायम गरी ६० दिनका लागि निक्षेप संकलन उपकरणको बोलकबोल तथा निष्कासन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. (क) उपकरणको नाम : निक्षेप संकलन।
   (ख) आह्वान रकम : रु. १० अर्ब (दस अर्ब रुपैयाँ मात्र)।
   (ग) बोलकबोल मिति : २०७५ असार ३२ गते अपरान्ह ३:०० बजेसम्म Online Bidding System मार्फत मात्र बोलकबोल हुने।
   (घ) निष्कासन मिति : २०७५ असार ३२ गते।
   (ङ) ब्याजदर : बोलकबोलको माध्यमबाट निर्धारण हुने।
   (च) साँवा तथा ब्याज भुक्तानी मिति : २०७५ भदौ २९ गते।
   (छ) बोल गर्न सकिने रकम : घटीमा रु. ५ करोड र बढीमा ५ करोड रुपैयाँले भाग गर्दा नि:शेष भाग जाने गरी कुल आह्वान रकमसम्म।
   (ज) धितो सम्बन्धी व्यवस्था : यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रुपमा प्रयोग गर्न सकिने।

२. निक्षेप संकलनको बोलकबोल ब्याजदरमा गर्नुपर्ने छ। बोलकबोल बहुब्याजदरमा पनि गर्न सकिनेछ।
३. यो निक्षेप संकलन उपकरणको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “क”, “ख” र “ग” बर्गका बैंक तथा वित्तीय संस्था मात्र सहभागी हुन पाउने छन्।
४. निक्षेप संकलनको बोलकबोलमा निक्षेप वापत जम्मा गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा चार अंकसम्म) उल्लेख गर्नु पर्नेछ।
५. निक्षेप संकलनको लागि आव्हान गरिएको रकम बाँडफाँट गर्दा बोल बमोजिम सबैभन्दा कम ब्याजदरलाई पहिलो प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमश: बाँडफाँट गरिनेछ।
६. समान ब्याजदर उल्लेख भएका बोल रकम समावेश गर्दा कुल निष्कासित रकमभन्दा बढी भएमा Pro-rata basis मा बाँडफाँट गरिनेछ।
७. खुला बजार कारोबार संचालन समितिले Cut-off rate निर्धारण गर्न सक्नेछ।
८. आह्वान गरिएको रकममध्ये सम्पूर्ण वा आंशिक रकमको बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार खुला बजार कारोबार सञ्चालन समितिमा रहनेछ।
९. सफल बोलवालाहरुको स्वीकृत रकम निष्कासन मितिका दिन यस बैंकमा रहेको खाता खर्च गरी निक्षेप संकलनको लागि खोलिएको अलग्गै खातामा जम्मा गरिनेछ। तसर्थ, बोलवाला बैंक तथा वित्तीय संस्थाले आफ्नो खातामा पर्याप्त मौज्दात कायम गर्नु पर्नेछ।
१०. बोल स्वीकृत भएका बोलवालाको खातामा सो उपकरण निष्कासन गरिने दिनमा मौज्दात रकम पर्याप्त नभएमा त्यस्ता बोलवालाको अर्नेष्ट मनि बापतको रकम जफत गरी निजलाई कालोसूचीमा राखी पछिल्ला बोलकबोलमा सहभागी हुन बन्देज लगाईनेछ।
११. निक्षेप संकलन उपकरणको भुक्तानी मितिका दिन निर्धारित ब्याज सहित संकलित निक्षेप रकम सम्बन्धित बैंकको यस बैंक स्थित खातामा जम्मा गरिनेछ।
१२. निक्षेप संकलन गरिएको रकम सम्बन्धित बोलवालाको लगानी Portfolio हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाईने छैन। तर, यस बैंकको निर्देशन बमोजिम कायम राख्नु पर्ने SLR तथा Liquidity ratio मा गणना गर्न पाइनेछ।
१३. संकलित निक्षेप रकम भुक्तानी मिति अगावै सम्बन्धित बोलवालालाई फिर्ता भुक्तानी वा Pre-mature भुक्तानी हुने छैन।

विस्तृत जानकारीका लागि यस विभागको फोन नम्बर ०१-४१०१७३९ मा सम्पर्क गर्न सकिनेछ।